REGIONAL NEWS UNIT

BROADCAST: 18:40 hrs    Date: 04 .05.2025

## MoS-Sikkim

सामाजिक न्याय तथा सशक्तिकरण राज्यमन्त्री श्री रामदास आठवले बन्दु आज सिक्किम आइपुग्नुभएको छ। रम्फू पर्यटन सुविधा केन्द्रमा आइपुगेपछि उहाँलाई समाज कल्याण विभागका विशेष सचिव श्री सत्यम प्रधान र अन्य अधिकारीहरूले स्वागत गर्नुभयो। राज्यमन्त्री श्री आठवाले आफ्नो दुईदिने आधिकारिक भ्रमणका क्रममा, राज्यभित्र भारत सरकारको सामाजिक न्याय तथा सशक्तिकरण मन्त्रालयका योजनाहरू बारेका समीक्षामा सम्बन्धित अधिकारीहरूसँग सहभागी हुनुहुनेछ।

---

## Statehood-Delhi IRBn

सिक्किम राज्य स्थापनाको पचासौँ स्वर्ण जयन्तीको उपलक्ष्यमा, पहिलो IRB दिल्लीले वजिराबादस्थित आफ्नो बटालियन मुख्यालयमा भव्य समारोह आयोजना गऱ्यो। कार्यक्रममा परम्परागत खेलकुद र संगीत कन्सर्ट प्रस्तुत गरियो। साथै, सिक्किमका विद्यार्थीहरूले मनमोहक परम्परागत नृत्यहरू प्रस्तुत गरे। पहिलोपटक सिक्किमको परम्परागत खेल **ढोको** अर्थात् ढुङ्गा हान्ने खेललाई कार्यक्रमको मुख्य आकर्षणका रूपमा प्रदर्शन गरियो। सिक्किम राज्य भारतीय संघमा विलय हुनुअघि यो प्राचीन खेल सिक्किमवासीमाझ लोकप्रिय थियो। कमान्डेन्ट पाल्देन भोटियाले स्वागत भाषणका क्रममा, सिक्किमको संक्षिप्त इतिहासबारे जानकारी गराउँदै, मुख्यमन्त्री श्री प्रेमसिंह तामाङको नेतृत्वमा राज्यले हासिल गरेको समग्र उपलब्धिहरूबारे प्रकाश पार्नुभयो।

## IPR-Statehood Contest

सिक्किम राज्य स्थापनाको स्वर्ण जयन्तीको एक महत्त्वपूर्ण पहलका रूपमा, सूचना तथा जनसम्पर्क विभागले **“राज्य स्थापनाको ५० वर्ष खुला फोटो प्रतियोगिता”** सुरु गर्ने घोषणा गरेको छ। यस प्रतियोगिताको उद्देश्य सबै क्षेत्रका फोटोग्राफरहरूको कार्यमार्फत विगत पाँच दशकमा सिक्किमको उल्लेखनीय यात्रालाई दर्शाउनु र त्यसको उत्सव मनाउनु हो। यो प्रतियोगिता सबै नागरिकका लागि खुला छ र चार प्रमुख विषयवस्तु अर्थात् **ऐतिहासिक तस्बिरहरू, राज्यको पचास वर्ष, स्थानीय जीवन र संस्कृति, पहिले र अहिलेको विकास** अन्तर्गत प्रविष्टिहरू आमन्त्रित गरिएको छ। सहभागीहरूले प्रति विधा अधिकतम तीन प्रविष्टि पेश गर्न सक्छन्। तस्बिरहरू 50yearsstatehoodipr@gmail.com मा इमेल गर्नुपर्नेछ। तस्बिरहरू बुझाउने अन्तिम मिति मे १२, २०२५ तय गरिएको छ। विभागले यस पहलमार्फत सिक्किमको सम्पदा, प्रगति र सांस्कृतिक समृद्धिलाई झल्काउने जीवन्त दृश्य अभिलेख निर्माण गर्ने लक्ष्य राखेको छ।

## Webs-Jaju

सूचना तथा प्रसारण सचिव सञ्जय जाजुले आज मुम्बईमा वेभ्स अवधि आयोजित सांस्कृतिक सत्रलाई सम्बोधन गर्दै, वेभ्समा सहभागी प्रत्येक सर्जक राम्रो कलाकारको रूपमा उदाइरहेको बताउनुभयो। साथै, उहाँले सरकारले भविष्यका अन्तर्राष्ट्रिय भ्रमण र प्रदर्शनका लागि सी.आई.सीका सबै विजय संगीतकारहरूलाई संलग्न गराउने जानकारी दिनुभयो।

## Mangan-Road

सेभेन सिस्टर्स फल्स छेउ रहेको B6 पुल नजिकै पहिरो गएको कारण गत ३० अप्रेलमा अवरुद्ध भएको फोदोङ-मङ्गन-गान्तोक सडक हिजो दिउँसोदेखि हल्का सवारी साधनका लागि खुला गरिएको छ। सडक तथा पुल विभाग र BRO का अभियान्ताहरूले पुलको स्थिरताको निरीक्षण गरेपछि यहाँको सडक खोलिएको हो।

## Cricket-Sikkim

सिक्किम राज्य स्थापनाको पचासौँ गौरवशाली वर्षको उपलक्ष्यमा, आज रम्फू माइनिङ ग्राउन्डमा मुख्यमन्त्री एघार र मुख्य सचिव एघारबीच मैत्रीपूर्ण क्रिकेट खेल सम्पन्न भयो। यो कार्यक्रम सिक्किम क्रिकेट संघले आयोजना गरेको हो। खेलमा राज्यका राजनीतिक तथा प्रशासनिक नेतृत्व, जसमा मुख्यमन्त्री श्री प्रेम सिंह तामाङ, क्याबिनेट मन्त्रीहरू, विधायकहरू, मुख्य सचिव, मुख्यमन्त्रीका राजनीतिक सचिव र विभिन्न सरकारी विभागका प्रमुखहरू सहभागी थिए।

## Cooperative Cycling

अन्तर्राष्ट्रिय सहकारी वर्ष २०२५ को विश्वव्यापी उत्सवको भागका रूपमा, आज गान्तोक जिल्ला कार्यालय, सहकारी विभागले सहयोग र सामुदायिक कल्याणको भावनालाई प्रवर्धन गर्न जीवन्त साइकल यात्रा कार्यक्रम आयोजना गऱ्यो। कार्यक्रमलाई सहकारी विभागका सचिवले प्रस्थान गराउनुभयो। IYC २०२५ को **लोगो**सहितको जर्सी लगाएर सहभागीहरूले कार्यक्रममा एकता र उत्साह प्रदर्शित गरे। यो साइकल यात्रा कार्यक्रमले विश्वव्यापी सहकारी आन्दोलनको मूल्य र उपलब्धिहरू उजागार गर्नका साथै स्वस्थ जीवन र वातावरणीय जिम्मेवारीलाई पनि प्रोत्साहित गरेको छ।

## Weather

स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्टअनुसार बितेको चौबिस घण्टामा गान्तोक र वरपर क्षेत्रका अधिकतम तापमन 22.4 डिग्री सेल्सियस  र न्यूनतम तापमन 14.4 डिग्री सेल्सियस रेकर्ड गरियो।

विभागले भोलि अधिकतम तापमान 22 डिग्री  सेल्सियस र न्यूनतम तापमान  12 डिग्री सेल्यिस रहने पूर्वानुमान गरेको छ।